वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

www.bhanjyangnews.com

# भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक




वर्ष ४५ अंक १४१ | २०८३ असोज ०७ गते बुधबार, नेपाल सम्वत् ११४६ September 23, 2026 | पृष्ठ ४ | मूल्य : रू. १५/-



**घरदैलोमै स्वास्थ्य सेवा :** तनहुँको बन्दीपुर गाउँपालिका वडा नं. ६ स्थित धरमपानी स्वास्थ्य चौकीका स्वास्थ्यकर्मीहरू सेवाग्राहीको घरदैलोमै पुगेर प्राथमिक स्वास्थ्य सेवा प्रदान गर्दै । गाउँपालिकाको ज्येष्ठ नागरिक घरदैलो कार्यक्रम तथा नसर्ने रागेको स्क्रिनिङ (प्रारम्भिक स्वास्थ्य जाँच) कार्यक्रमलाई प्रभावकारी बनाउन स्वास्थ्यकर्मीहरू घरदैलोमै पुग्ने गरेका छन् । *तस्विर : भञ्ज्याङ*

# भानुभक्तको साहित्यिक योगदान सम्झिंदै १५८औं स्मृति दिवस मनाइयो

भञ्ज्याङ समाचारदाता/भानु

नेपाली भाषा-साहित्यका आदिकवि भानुभक्त आचार्यको १५८औं स्मृति दिवस भानु नगरपालिका-१, सतीघाटमा विविध कार्यक्रमसहित मनाइएको छ । आदिकवि भानुभक्त आचार्यको साहित्यिक योगदानको स्मरण तथा नेपाली भाषा-साहित्यको संरक्षण र प्रवर्द्धन गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको हो ।

कार्यक्रममा भानु नगरपालिकाका नगरप्रमुख आनन्दराज त्रिपाठी, उपप्रमुख उमा गोतामे, गोकर्णेश्वर नगरपालिकाका साहित्यिक स्रष्टा, भानु नगरपालिकामा क्रियाशील विभिन्न राजनीतिक दलका प्रतिनिधि, कर्मचारी, स्थानीय आमा समूह लगायतको सहभागिता रहेको थियो।

कार्यक्रममा आदिकवि भानुभक्त आचार्यले नेपाली भाषा तथा साहित्यको विकासमा पुऱ्याउनु भएको योगदानको स्मरण गर्दै उहाँप्रति श्रद्धासुमन अर्पण गरिएको



थियो । सहभागी वक्ताहरूले भानुभक्तको साहित्यिक योगदान र सिर्जनालाई नयाँ पुस्तासम्म पुऱ्याउनुपर्नेमा जोड दिए ।

भानुभक्तको स्मृतिमा आयोजित कार्यक्रमले नेपाली भाषा-साहित्यको संरक्षण, प्रवर्द्धन र आदिकविको साहित्यिक विरासतलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गरेको छ ।

# दगामको डाँडाबाट पर्यटनको नयाँ सम्भावना : गाउँ, संस्कृति र प्रकृतिलाई जोड्दै घरबास

भञ्ज्याङ समाचारदाता/तनहुँ

शहरको कोलाहलबाट केही पर, शुक्लागण्डकी नगरपालिका-२ को दगाम पुग्दा प्रकृतिसँग नजिकिएको अनुभूति हुन्छ। डाँडाबाट देखिने हिमश्रृंखला, हरियाली वन, गाउँको मौलिक परिवेश र स्थानीय समुदायको आतिथ्यताले दगामलाई ग्रामीण पर्यटनको सम्भावनायुक्त गन्तव्यका रूपमा उभ्याएको छ ।

दगामको यही प्राकृतिक सौन्दर्य, स्थानीय कला-संस्कृति र ग्रामीण जीवनशैलीलाई पर्यटनसँग जोड्ने प्रयासस्वरूप मंगलबार घरबास (होमस्टे) प्रवर्द्धन कार्यक्रम आयोजना गरिएको छ । कार्यक्रममा स्थानीय संस्कृति र वातावरण संरक्षण गर्दै ग्रामीण पर्यटनलाई प्रविधि तथा आधुनिक पर्यटन बजारसँग जोड्ने विषयमा छलफल गरिएको हो ।

गाउँ पर्यटन प्रवर्द्धन मञ्च नेपाल (भिटोफ) गण्डकीको आयोजनामा भएको कार्यक्रममा दगामलाई पर्यटकीय गन्तव्यका रूपमा विकास गर्ने सम्भावना, घरबासको विस्तार, स्थानीय उत्पादनको बजारीकरण र पर्यटन पूर्वाधारका विषयमा सरोकारवालाबीच अन्तरक्रिया गरिएको थियो ।

भिटोफ गण्डकीका अध्यक्ष रमेश अर्यालका अनुसार दगामलाई यस वर्ष देशभरका उत्कृष्ट ग्रामीण पर्यटकीय गन्तव्यको सूचीमा समेट्न सिफारिस गरिएको छ । प्राकृतिक सौन्दर्य, घरबास कार्यक्रमको अवस्था तथा पर्यटकका लागि पहुँचलगायतका आधारमा दगाम छनोट गरिएको उनले बताए ।

कार्यक्रममा शुक्लागण्डकी नगरपालिकाका प्रमुख कृष्णराज पण्डितले दगामलाई नगरपालिकाको प्रमुख पर्यटकीय गाउँका रूपमा




विकास गर्ने योजनालाई प्राथमिकतामा राखिएको बताए । उनले पर्यटक आकर्षित गर्न सडक तथा अन्य आवश्यक पूर्वाधार विकाससँगै स्थानीय मौलिकता जोगाउनुपर्नेमा जोड दिए ।

"ग्रामीण पर्यटनलाई प्रविधिसँग जोड्दै दगामको पहिचानलाई विश्वमा पुऱ्याउने" उद्देश्यका साथ अघि बढ्नुपर्ने बताउँदै नगरप्रमुख पण्डितले दगामको रैथाने कला, संस्कृति, स्थानीय उत्पादन र आतिथ्यतालाई पर्यटनको आधार बनाउनुपर्ने धारणा राखे ।

**प्रकृति र संस्कृतिको संगम**

दगामसँगै जोडिएको भुजिकोट क्षेत्रबाट कास्कीका तालतलैया तथा धौलागिरिदेखि गणेश हिमालसम्मका हिमश्रृंखला अवलोकन गर्न सकिन्छ। सूर्योदय र सूर्यास्तको दृश्यसँगै ग्रामीण परिवेश नियाल्न सकिने भएकाले भुजिकोट-दगाम क्षेत्रलाई प्रकृति र ग्रामीण जीवनको अनुभव लिन चाहने पर्यटकका लागि आकर्षक क्षेत्रका रूपमा नगरपालिकाले समेत प्रस्तुत गरेको छ ।

मगर र गुरूङ समुदायको बसोबास रहेको यस क्षेत्रमा स्थानीय भेषभूषा, भाषा, कला, संस्कार, परम्परा र खानाका परिकारलाई पर्यटनसँग जोड्न सकिने सम्भावना छ। स्थानीय कृषिउपज, मह, कोदो तथा अन्य रैथाने उत्पादनलाई पर्यटकसँग जोडेर गाउँको अर्थतन्त्र चलायमान बनाउन सकिने स्थानीयको विश्वास छ ।

शुक्लागण्डकी नगरपालिकाले भुजिकोट, दगामलगायतका क्षेत्रलाई नगरका पर्यटकीय क्षेत्रका रूपमा सूचीकृत गर्दै आएको छ । नगरपालिकाका अनुसार यहाँको आकर्षण प्राकृतिक दृश्यसँगै स्थानीय समुदायको संस्कृति र होमस्टे पनि हो ।

**पर्यटनसँगै गाउँ जोगाउने चुनौती**

दगाममा पर्यटनको सम्भावना बढ्दै गए पनि गाउँबाट हुने बसाइँसराइ चुनौतीका रूपमा देखिएको नगरप्रमुख पण्डितले बताए । पर्यटक गाउँसम्म ल्याउने मात्र नभई उनीहरूको बसाइ लम्ब्याउने, स्थानीय उत्पादनको खपत बढाउने र पर्यटनबाट स्थानीय परिवारले आम्दानी गर्ने वातावरण बनाउनुपर्ने उनको भनाई

बाँकी तेश्रो पेजमा

# कृषिका कार्यक्रम प्रभावकारी बनाउन स्थानीय तहका प्राविधिकसंग समन्वय

भञ्ज्याङ समाचारदाता/दमौली

कृषि विकास कार्यालय, तनहुँले स्थानीय तहका प्राविधिकहरूसँग समन्वयात्मक कार्यक्रम गरेको छ। आर्थिक वर्ष २०८२/०८३ मा सञ्चालन भएका कृषि कार्यक्रमको समीक्षा तथा आर्थिक वर्ष २०८३/०८४ का कार्यक्रम सार्वजनिक गर्दै कार्यान्वयनका विषयमा छलफल तथा अन्तरक्रिया गरिएको वरिष्ठ कृषि विकास अधिकृत परशुराम अधिकारीले जानकारी गराए ।

उक्त कार्यक्रममा जिल्ला समन्वय समिति तनहुँ, राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम अन्तर्गतको कार्यक्रम कार्यान्वयन एकाइ गोरखा, व्यावसायिक किट विकास केन्द्र बन्दीपुर तथा कृषि सामग्री कम्पनी लिमिटेड दमौलीका प्रमुख एवं प्रतिनिधिको सहभागिता रहेको थियो।

कार्यक्रममा साना किसानको बागवानी सशक्तीकरण तथा प्रवर्द्धन अवधारणा, कृषि कार्यक्रमको प्रभावकारी कार्यान्वयन, स्थानीय तह तथा सम्बन्धित निकायबीचको आपसी समन्वय र आगामी




कार्ययोजनालगायतका विषयमा छलफल गरिएको कृषि विकास कार्यालय तनहुँका सूचना अधिकारी किरण परियारले जानकारी गराए।

कृषि क्षेत्रका कार्यक्रमलाई स्थानीय आवश्यकतासँग जोड्दै प्रभावकारी रूपमा कार्यान्वयन गर्न स्थानीय तहका प्राविधिक तथा सम्बन्धित निकायबीच नियमित समन्वय र सहकार्य आवश्यक रहेकोमा सहभागीहरूले जोड दिएका थिए ।

# सम्पादकीय ............

www.bhanjyangnews.com

## चाडपर्व र बजार अनुगमन

नेपाली समाजमा चाडपर्व केवल रमाइलो र पूजाआजासँग मात्र सीमित हुँदैन, यसले आन्तरिक उपभोग, आपूर्ति र बजार व्यवस्थापनलाई पनि सीधै प्रभावित पार्छ। विशेष गरी बडादशैं र तिहारजस्ता ठूला चाडपर्व आउनुअघि बजारमा हुने मूल्यवृद्धि, अखाद्य वस्तुको मिसावट, नापतौलमा धाँधली तथा म्याद सकिएका सामानको विक्रीजस्ता समस्याहरु हरेक वर्ष दोहोरिँदै आएका छन् । उपभोक्ताको हितविपरीत हुने यस्ता प्रवृत्तिलाई नियन्त्रण गर्ने जिम्मेवारी राज्य र सरोकारवाला निकायको हो तर व्यावहारिक स्तरमा भने उपभोक्ता अझै पनि ठगिँदै आएको यथार्थ लुकेको छैन । नेपालको संविधान र उपभोक्ता संरक्षण ऐन, २०७५ ले उपभोक्ताका अधिकारलाई स्पष्ट रुपमा सुनिश्चित गरेको छ । तर व्यवहारमा ती अधिकारहरु प्रयोगमा आउन नसक्नु मुख्य समस्या हो । चाडबाडको समयमा मात्र औपचारिकता पूरा गर्न खोजेजस्तो गरी बजार अनुगमन गर्ने प्रवृत्तिले दीर्घकालीन समाधान दिन सक्दैन । प्रशासन, स्थानीय सरकार र सरोकारवाला निकायले दायित्व पूरा गरेको देखाउनकै लागि एक–दुई दिन मुख्य बजार क्षेत्रमा टोली पठाउने, मिडियामा प्रचार गर्ने र त्यसपछि चुप लाग्ने प्रचलनले उपभोक्ता अधिकार संरक्षणको मूलभावनालाई कमजोर बनाइरहेको छ ।

चाडपर्व नजिकिँदा दैनिक उपभोग्य वस्तुमा हुने कृत्रिम मूल्यवृद्धि, गुणस्तरहीन वस्तुको बिक्री र विशेष गरी खाद्य सामग्रीमा मिसावट उपभोक्ताका लागि गम्भीर जोखिम बनेर देखा पर्छ । दुग्धजन्य पदार्थ, तेल–घिउ, मिठाई, मासु तथा माछाजस्ता वस्तुमा मिसावट हुने घटना हरेक वर्ष दोहोरिन्छन् । कतिपय अवस्थामा त जीवन–मरणसँग सम्बन्धित औषधिमा समेत नक्कली वा म्याद नाघेका सामान बिक्री भएको पाइन्छ । यस्तो अवस्थामा केवल सजाय वा नियन्त्रणले मात्र समस्या समाधान हुँदैन । वितरण प्रणाली सुधार, उपभोक्ताको सचेतना र व्यापारीको इमान्दार व्यवहार पनि उत्तिकै जरूरी हुन्छ । ग्रामीण क्षेत्रको अवस्था अझ चुनौतीपूर्ण छ । शहरमा कम्तीमा अनुगमन टोली कहिलेकाहीँ पुग्छन्, तर गाउँमा उपभोक्ता आवाज उठाउन सक्दैनन्। ग्रामीण उपभोक्ताले मूल्य तिरेपछि गुणस्तरीय वस्तु पाउने अधिकार अझै पनि सुनिश्चित भएको देखिँदैन । उनीहरूले ठगी सहेर बस्नुपर्ने अवस्था छ। त्यसैले बजार अनियमितता नियन्त्रणलाई केवल शहरी केन्द्रमा सीमित नराखी गाउँ–गाउँसम्म पुर्‍याउनुपर्छ ।

अनुगमन प्रक्रियामा देखिएका कमजोरी पनि गम्भीर छन् । अनुगमन टोलीले प्रायः पूर्वतयारी नगरी, के कसरी जाँच गर्ने भन्ने योजनाबिनै बजारमा जाने गरेको पाइन्छ। फलस्वरूप अनुगमन सतही र औपचारिकतामै सीमित हुन्छ । कतिपय अवस्थामा अनुगमनलाई हल्का रूपमा लिने र दोषी व्यापारीसँग मिलेमतो हुने आरोप समेत लाग्ने गरेको छ । उपभोक्ता अधिकार संरक्षण जस्तो संवेदनशील विषयलाई यसरी कमजोरीपूर्वक लिँदा समस्या समाधान हुनु त टाढाको कुरा, उल्टै उपभोक्तामाथि अन्याय थप हुने अवस्था सिर्जना हुन्छ। यता, उपभोक्ता स्वयं पनि सचेत हुन आवश्यक छ । केवल राज्य र निकायको जिम्मेवारी मात्र होइन, उपभोक्ताले पनि मूल्य, म्याद, गुणस्तर र नापतौलबारे सजग हुनुपर्छ। उपभोक्ताले प्रश्न सोध्ने, आवश्यक परे उजुरी गर्ने र उपभोक्ता अधिकारवादी संघ–संस्थासँग सहकार्य गर्ने हो भने व्यापारीहरु पनि अनुशासित बन्न बाध्य हुन्छन्। व्यापारी वर्गभित्र पनि सबैलाई दोष दिन सकिन्न । इमान्दार व्यवसायीहरूले गुणस्तरीय वस्तु उपलब्ध गराउने, पारदर्शी मूल्य राख्ने र उपभोक्ताको विश्वास जित्ने वातावरण बनाउन सके उनीहरूको व्यवसायको प्रतिष्ठा बढ्छ ।

साथै, सरकारले पनि केवल सजाय र नियन्त्रणमा मात्र सीमित भएर हैन, दीर्घकालीन सुधारात्मक कदम चाल्नुपर्छ । वितरण प्रणाली पारदर्शी बनाउन, उत्पादनदेखि उपभोगसम्मको सम्पूर्ण श्रृंखला व्यवस्थित गर्न र उपभोक्तालाई सूचनामा पहुँच दिलाउन सरकारले ठोस नीति लागू गर्नुपर्ने हुन्छ । गुणस्तर प्रमाणीकरण प्रणालीलाई कडाइका साथ लागू गर्नु, अनुगमनलाई नियमित र प्राविधिक बनाउनु र जनचेतनामूलक अभियानलाई निरन्तरता दिनु आवश्यक छ। बजार अनियमितता नियन्त्रण केवल चाडबाडको समयमा मात्रै होइन, वर्षभरि निरन्तर हुनुपर्ने कार्य हो। उपभोक्ता अधिकार संरक्षणका लागि सबै सरोकारवाला निकाय, व्यापारी वर्ग र नागरिक स्वयंको सक्रिय सहभागिता जरूरी छ। चाडपर्वलाई अवसर बनाएर गरिने अस्थायी अनुगमनले तात्कालिक समस्या देखाए पनि दीर्घकालीन सुधार दिन सक्दैन। त्यसैले अब आवश्यक छ– जिल्लादेखि पालिका स्तरसम्म नियमित, योजनाबद्ध र कठोर बजार अनुगमनको संस्कृति विकास गर्ने। नेपालमा उपभोक्तामाथि हुने अनियमितता कुनै एक दिन वा एक निकायको पहलले समाधान हुने समस्या होइन। यो दीर्घकालीन योजना, सहकार्य र निरन्तर प्रयासको खाँचो पर्ने विषय हो। चाडपर्वको अवसरलाई औपचारिकताको रूपमा प्रयोग गरेर हैन, स्थायी सुधारको अभियानलाई बलियो आधार बनाउन सकिए मात्र उपभोक्ता अधिकार संरक्षणको संवैधानिक प्रतिवद्धता व्यवहारमा उतार्न सकिन्छ । उपभोक्ताले गुणस्तरीय वस्तु उचित मूल्यमा पाउने वातावरण निर्माण गर्नु केवल प्रशासनको होइन, सम्पूर्ण समाजको साझा दायित्व हो। अब प्रश्न यो हो– के हामी फेरि अर्को वर्ष पनि यस्तै समस्या दोहोर्‍याउनेछौं, वा दीर्घकालीन सुधारतर्फ गम्भीर कदम चाल्नेछौं ?

# कम्युनिस्ट चिनौं जनता, सच्चा कम्युनिस्ट बनौं नेता

यो देशका जनताले न कम्युनिस्ट चिन्न सके, न त नेताहरु कम्युनिस्ट बन्न सके । यही नै हाम्रो समाजको मूल समस्या हो । जनताले आमूल परिवर्तन चाहेका छन्। देशले विकास चाहेको छ र परनिर्भरताबाट मुक्ति खोजेको छ । तर, जनताको यही चाहनाको फाइदा अवसरवादले उठाउँदै आएको छ– त्यो पनि कम्युनिस्टकै नाममा । यस प्रक्रियालाई प्रतिक्रियावादी तथा अन्तर्राष्ट्रिय पुँजीवादी शक्तिहरूले समेत सहयोग गर्दै आएका छन्, ताकि एउटै बाणले दुईवटा सिकार गर्न सकियोस् । अवसरवादलाई नेतृत्वको बागडोर समाउन उनीहरूले सहयोग पुर्‍याएका हुन्छन् ।

'सच्चा कम्युनिस्ट बनौं' भनेर घरी–घरी भनिरहनुपर्ने अवस्था किन आयो होला ? भन्दाभन्दै पनि अब त लाज लागिसक्यो। आखिर को सच्चा हो र को झुटो ? जनताले कसरी चिन्ने ? सबैका आ–आफ्नै कथा हुन्छन् । सबैले आफूलाई शक्तिहरूको प्रभावलाई पनि बेवास्ता गर्न सकिँदैन। नेपाललाई सस्तो श्रमको स्रोतका रूपमा प्रयोग गर्ने प्रवृत्तिका कारण नेपाली युवाहरु विश्व श्रम बजारमा सस्तो श्रम बेच्न बाध्य भइरहेका छन्। यसको आधार तयार पार्ने काम कथित कम्युनिस्टहरूले समेत गरेको लेखकको आरोप छ । यसको स्रोत समाजमा रहेको रूढीवाद, व्यक्तिमा रहेको लोभ तथा नेताहरूमा रहेको पद र प्रतिष्ठाको भोक हो ।

हामीलाई कहिलेकाहीँ यस्तो लाग्न सक्छ– संविधान बनेपछि मात्र यस्तो अवस्था आयो कि ? तर यथार्थमा समस्या त्यतिमै सीमित छैन । सुगौली सन्धिदेखि नै नेपालमाथि बाह्य प्रभाव र हस्तक्षेपको इतिहास जोडिएको छ । ब्रिटिस भारतले नेपालीहरूलाई आफ्नो प्रभावमा राख्न खोजेको र गोर्खा भर्ती त्यसैको एउटा रूप भएको तर्क गर्न सकिन्छ ।

कुनै पनि देशको मेरूदण्ड भनेको

अहिले जनतालाई गुमराह गर्न अर्को शक्तिले पनि कम्मर कसेको देखिन्छ । पुरानाहरूले काम गर्न सकेनन्, भ्रष्टाचारी भए र विदेशीका दलाल भए भन्दै जनताको आँखामा छारो हाल्न सफल भएकाहरु स्वयं पनि उस्तै वा त्योभन्दा खराब अवस्थामा पुगेको विषयलाई नकार्न सकिदैन ।

अब भित्रभित्रै अर्को विद्रोहको आधार तयार हुन थालेको छ । तर त्यसबाट कसले फाइदा उठाउने हो, त्यो भविष्यको गर्भमा छ। अवसर ढुकेर बसेका अन्तर्राष्ट्रिय शक्तिहरूको खेलौना बन्ने अवस्था विगतमा पनि देखिएको र भविष्यमा पनि त्यस्तो जोखिम रहन सक्ने चिन्ता छ । अहिले पनि नेपालको राजनीतिक अवस्थाप्रति नेपालीहरूको जति चासो छ, त्योभन्दा कैयौं गुणा चासो बाह्य शक्तिहरूको रहेको छ । नेपालको भूराजनीतिक धरातलमा कूटनीतिक नीति र व्यवहारसमेत थप परिपक्व हुनुपर्ने देखिन्छ। देशको आन्तरिक राजनीति र



सुरेशकुमार पाण्डे

**देशका जनता विकासका लागि संघर्षरत छन् । तर विकासका महत्वपूर्ण क्षेत्र विदेशी पुँजी र स्वार्थको प्रभावमा पर्दै गएको छ । विदेशी शक्तिहरूले नेपालको विकास चाहादैनन् र नेपाललाई सिक्किम वा फिजीजस्तै बनाउन खोजिरहेका छन् । पछिल्लो समय नेपाललाई सम्भावित द्वन्द्वको मैदानका रूपमा प्रयोग गर्ने रणनीतिसमेत बन्न सक्ने खतरा देखिन्छ ।**

दूधले धोएको बताउँछन्। तर हामी जनताले उनीहरूको भनाइ मात्र होइन, उनीहरूले अपनाएको व्यवहार, आचरण तथा देश र जनताप्रति देखाएको जिम्मेवारीका आधारमा तुलनात्मक रूपमा बुझ्न सक्छौं । यसले सही र गलत छुट्याउन केही हदसम्म मद्दत गर्छ ।

नेतृत्वका अतिरञ्जित नाराबाट देशका युवाहरु आकर्षित हुन्छन् । अहिले पनि कसैले कुनै सरकारी कार्यालयमा तोडफोड गरौं भन्ने नारा लगायो भने उसैलाई क्रान्तिकारी ठान्ने प्रवृत्ति देखिन्छ । हाम्रो समाजको चिन्तन कतिपय अवस्थामा अराजक प्रकृतिको छ । विरोधका लागि विरोध र समर्थनका लागि समर्थन गर्ने, त्यो सही हो कि गलत भन्नेबारे सोच्ने प्रवृत्ति कमजोर देखिन्छ ।

त्यसैले कम्युनिस्टलाई नियाल्ने दृष्टिकोण पनि व्यक्तिगत फाइदा र घाटाका आधारमा प्रयोग गरिन्छ । यो समस्या नेपालमा मात्र होइन, विश्वव्यापी कम्युनिस्ट आन्दोलनमा पनि देखिएको छ । यस्ता प्रवृत्तिले कम्युनिजमलाई रक्षात्मक अवस्थामा पुर्‍याएको लेखकको निष्कर्ष छ। नेपालमा त झन् कम्युनिस्टमाथि कम्युनिस्ट भनिनेहरूबाटै नैतिक प्रहार हुँदै आएको छ।

नेपालको भूराजनीतिक अवस्थालाई हेर्दा छिमेकी देश तथा विभिन्न अन्तर्राष्ट्रिय त्यहाँका युवा हुन् । युवालाई आफ्नो प्रभावमा राखेपछि देशलाई नियन्त्रण गर्न सहज हुन्छ भन्ने तत्कालीन ब्रिटिस भारतको रणनीति रहेको छ । सुगौली सन्धि र गोर्खा भर्तीबाट सुरु भएको त्यो इतिहास आजसम्म कुनै न कुनै रूपमा निरन्तर रहेको छ । त्यसपछि स्वतन्त्र भारतसँग भएको शान्ति तथा मैत्री सन्धिमा समेत असमानताको भार रहेको छ ।

हामी त्यही असमान सन्धि र सम्झौताबाट उत्पन्न समस्याका लागि आफ्नै सन्तानसँग लडेर मरिरहेका छौं। जनतालाई अलमल्याउँदा–अलमल्याउँदै कतिपय नेता विदेशी शक्तिका स्वार्थसँग जोडिएको आरोप लाग्ने अवस्थामा पुगेका छन् ।

क्रान्ति भनेको बन्दुक पड्काउनु र मान्छे मार्नु होइन । क्रान्ति भनेको मानिसभित्र रहेको अमानवीय सोच, अन्याय र शोषणको अन्त्य गर्नु हो । देशका जनताले आमूल परिवर्तन चाहेका थिए। तर नेताहरूका लागि परिवर्तनसँगै सत्ता, पद र प्रतिष्ठाको अवसर पनि जोडिएको थियो । त्यसैले परिवर्तनका लागि संघर्षरत जनतालाई उपयोग गरेर सत्ताको स्वाद लिने प्रवृत्ति विकसित भयो । त्यसैको देखासिकी आज घर–घरमा पार्टी खोल्ने प्रवृत्तिसम्म आइपुगेको छ ।

आर्थिक क्षेत्रमा दलाल पुँजीको प्रभाव बलियो हुँदै गएको तथा देशभक्त किसान र राष्ट्रिय पुँजीपतिहरूको अवस्था प्रभावशाली बन्न नसकेको विश्लेषण गर्न सकिन्छ ।

राजनीति गर्ने नेता वा शासकलाई आर्थिक स्वार्थ भएका समूहहरूले प्रभावित पार्ने अवस्था रहेसम्म राष्ट्रिय स्वाधीनता र आत्मनिर्भरताको लक्ष्य हासिल गर्न कठिन हुन्छ । देशलाई यो अवस्थाबाट मुक्त गर्न निःस्वार्थ राजनीतिक शक्ति आवश्यक छ। त्यो शक्ति कम्युनिस्ट अन्तर्राष्ट्रवादभित्र खोज्न सकिन्छ ।

देशलाई जोगाउन, आत्मनिर्भर र शक्तिशाली बनाउन कम्युनिस्ट व्यवस्था नेपालका लागि आवश्यक छ । त्यसका लागि नेपाली जनता भौतिकवादी चिन्तनमा विश्वास गर्ने हुनुपर्छ । हाम्रो समाजलाई रूढीवादी परम्पराले विभाजित गरेको छ। यस यथार्थलाई स्वीकार गर्ने साहस पनि आवश्यक छ ।

देशका जनता विकासका लागि संघर्षरत छन् । तर विकासका महत्वपूर्ण क्षेत्र विदेशी पुँजी र स्वार्थको प्रभावमा पर्दै गएको छ । विदेशी शक्तिहरूले नेपालको विकास चाहँदैनन् र नेपाललाई सिक्किम वा फिजीजस्तै बनाउन खोजिरहेका छन्। पछिल्लो समय नेपाललाई सम्भावित

बाँकी तेश्रो पेजमा

## तपाईको आज

**मेष**
मिहिनेतको उपयुक्त परिणाम हात पार्ने दिन हुनेछ। व्यापार –व्यवसायमा लाभ हुने सम्भावना छ।

**वृष**
साथीहरूबाट सहयोग प्राप्त हुनेछ। लेनदेनमा सावधानी अपनाउनु होला। प्रियजनसँगको सम्बन्ध अझ प्रगाढ बन्ने संकेत छन्।

**मिथुन**
स्वास्थ्यमा सानो समस्या देखिन सक्ने भएकाले खानपानमा ध्यान दिनु उचित हुन्छ। परिवारबाट हौसला प्राप्त हुनेछ।

**कर्कट**
आर्थिक लाभ हुने समय छ। नयाँ कार्यको थालनी गर्न उपयुक्त दिन हुनेछ। दाम्पत्य जीवनमा खुशी छाउनेछ।

**सिंह**
आत्मविश्वास, कार्यक्षेत्रमा सम्मान मिल्नेछ। समाजसेवा वा सार्वजनिक काममा सक्रिय बन्न सक्नुहुन्छ।

**कन्या**
विद्यार्थी र अनुसन्धानमा संलग्नहरूका लागि समय शुभ छ। विदेश वा अध्ययन सम्बन्धी योजनामा प्रगति हुनेछ।

**तुला**
आफन्तसँग सानो विवाद बढ्न सक्ने देखिन्छ। आर्थिक कारोबारमा सतर्कता आवश्यक छ।

**वृश्चिक**
व्यापारमा लाभ हुने समय छ। काममा ऊर्जा र उत्साह बढ्नेछ। प्रेम सम्बन्धमा प्रगाढता आउनेछ।

**धनु**
आर्थिक पक्ष सबल रहनेछ। परिवारसँग रमाइलो वातावरण बन्नेछ। यात्राको योग रहेको छ, जसले लाभ पुर्‍याउनेछ।

**मकर**
कठिन परिश्रमपछि सफलता हात लाग्नेछ। कार्यक्षेत्रमा प्रतिद्वन्द्वीहरु कमजोर हुनेछन्। नयाँ अवसर आउन सक्नेछ।

**कुम्भ**
बाहिरी कार्यमा सफलता प्राप्त हुनेछ। पारिवारिक जिम्मेवारी पूरा गर्न सकिनेछ। अध्ययन–शिक्षणमा लगाव बढ्नेछ।

**मीन**
आज मन प्रसन्न रहनेछ। आर्थिक लाभको सम्भावना छ। दाम्पत्य वा प्रेम सम्बन्धमा मिठास बढ्नेछ।

# दगामको डाँडाबाट पर्यटनको नयाँ ........

छ । पर्यटन पूर्वाधार निर्माणसँगै गाउँको मौलिकता जोगाउनु अहिलेको अर्को महत्वपूर्ण पक्ष हो। कंक्रिटका संरचना बढाउँदै लैजाँदा ग्रामीण परिवेश र प्राकृतिक सौन्दर्य नै कमजोर हुने भएकाले विकासका नाममा गाउँको मौलिक स्वरूप नबिगार्ने गरी पूर्वाधार निर्माण गर्नुपर्ने स्थानीयको जोड छ । स्थानीयवासीका अनुसार सडक, खानेपानी, सरसफाइ, सञ्चार, पदमार्ग तथा पर्यटकमैत्री आधारभूत पूर्वाधार सुधारसँगै घरबासलाई व्यवस्थित गर्न सके दगाममा पर्यटकको बसाइ बढाउन सकिन्छ । त्यसका लागि स्थानीय उत्पादनलाई पर्यटन बजारसँग जोड्नु आवश्यक छ ।

**भ्यूटावरदेखि घरबाससम्म**

दगामसँग जोडिएको भुजिकोटमा निर्माण गरिएको भ्यूटावरले यस क्षेत्रको पर्यटकीय पहिचान थप स्थापित गर्न सहयोग पुऱ्याएको छ । भुजिकोटबाट आसपासका पहाडी भूभाग, हिमश्रृंखला र प्राकृतिक दृश्य अवलोकन गर्न सकिन्छ । नगरपालिकाले समेत भुजिकोटलाई आन्तरिक तथा बाह्य पर्यटकका लागि आकर्षक गन्तव्यका रूपमा उल्लेख गरेको छ ।

दुलेगौंडा–कोत्रे क्षेत्रबाट नजिकै रहेको उच्च भूभागमा अवस्थित दगाम–भुजिकोट क्षेत्रमा पछिल्ला वर्षहरूमा आन्तरिक पर्यटकको आकर्षण बढ्दै आएको छ । तर पर्यटनको सम्भावनालाई नियमित आम्दानीमा बदल्न भने अझै धेरै काम गर्नुपर्ने देखिन्छ । भिटोफ गण्डकीका संस्थापक अध्यक्ष तारानाथ पहारी, गण्डकी प्रदेशको उद्योग तथा पर्यटन मन्त्रालयका प्रशासकीय अधिकृत रामहरि ढुंगाना, पोखरा महानगरपालिकाका कृषि तथा आर्थिक महाशाखा प्रमुख मनोहर कडरिया, पोखरा पर्यटन परिषद्का उपाध्यक्ष हरिराम अधिकारी तथा भिटोफका उपाध्यक्ष विश्व अधिकारीलगायतले दगामलाई स्थानीय कला, संस्कृति, खानाका परिकार र प्राकृतिक दृश्यका कारण सम्भावनायुक्त ग्रामीण पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न सकिने धारणा राखे ।

**गाउँमै रोजगारी र आम्दानी**

ग्रामीण पर्यटनको वास्तविक उद्देश्य गाउँमा पर्यटक पुऱ्याउनु मात्र होइन, पर्यटनबाट गाउँमै रोजगारी र आम्दानी सिर्जना गर्नु हो । त्यसका लागि घरबासमा स्थानीय उत्पादन प्रयोग गर्ने, स्थानीय युवालाई पर्यटनसम्बन्धी सीप दिने, मौलिक खाना र संस्कृतिलाई पर्यटन प्याकेजमा समेट्ने तथा स्थानीय उत्पादनको बिक्रीको व्यवस्था मिलाउनुपर्ने देखिन्छ ।

दगामको पर्यटन विकासमा स्थानीय समुदायको सहभागिता महत्वपूर्ण हुने स्थानीयको भनाइ छ । पूर्वाधार निर्माणमा सरकारको लगानीसँगै स्थानीयले आफ्नो मौलिकता, उत्पादन र आतिथ्यतालाई पर्यटनसँग जोड्न सके पर्यटन गाउँको आर्थिक आधार बन्न सक्ने सम्भावना छ । दगामको पहिचान प्रकृतिले दिएको सौन्दर्यमा मात्र सीमित छैन ।

यहाँको गाउँले जीवन, स्थानीय संस्कृति, रैथाने खाना, कृषि, मौरीपालन, हरियाली र मानवीय आतिथ्यता नै यसको मौलिक पर्यटकीय सम्पदा हुन्। त्यसैले दगामको पर्यटन विकासको बाटो प्रकृति जोगाउँदै, संस्कृति बचाउँदै र गाउँमै आम्दानी सिर्जना गर्दै अघि बढ्नुपर्ने देखिन्छ । ग्रामीण पर्यटनको यही अवधारणालाई व्यवहारमा उतार्न सके दगाम केवल घुम्ने ठाउँ मात्र नभई गाउँको मौलिक जीवनशैली अनुभव गर्ने गन्तव्यका रूपमा स्थापित हुन सक्छ ।

# कम्युनिस्ट चिनौं .......

द्वन्द्वको मैदानका रूपमा प्रयोग गर्ने रणनीतिसमेत बन्न सक्ने खतरा देखिन्छ ।

देशमा पटक–पटक गृहयुद्धको अवस्था सिर्जना गर्ने, नयाँ–नयाँ शक्ति खडा गर्ने र अन्ततः नेपाललाई असफल राष्ट्र घोषणा गर्ने षड्यन्त्र भइरहेको हो कि भन्ने शंका उब्जिने गरेको छ । यस्तो अवस्थामा देशभित्रका राजनीतिक दलहरूले बाह्य शक्तिको रणनीति बुझेर पनि मौन बस्ने वा बेवास्ता गर्ने हो भने त्यसको परिणाम गम्भीर हुन सक्ने खतरा छ ।

गृहयुद्धबाट अन्ततः कसैको पनि हित हुँदैन । बरू बाह्य शक्तिले फाइदा उठाउने र राष्ट्रिय राजनीतिक शक्तिहरु कमजोर बन्ने सम्भावना रहन्छ । अबको कुनै पनि आन्दोलन रक्तपातमा परिणत भयो भने त्यसले जनधनको क्षति मात्र होइन, राष्ट्रिय अखण्डता र भूभागमाथि समेत गम्भीर जोखिम निम्त्याउने जोखिम बढ्को छ ।

देशको विकास, आत्मनिर्भरता, बाह्य हस्तक्षेपबाट मुक्ति, विभेदकारी गतिविधिको अन्त्य तथा श्रमजीवी वर्गको हकहितका लागि बलियो राजनीतिक व्यवस्था आवश्यक छ । लेखकका अनुसार त्यसका लागि कम्युनिस्ट व्यवस्था नै प्रभावकारी माध्यम हुन सक्छ ।

तर सच्चा कम्युनिस्ट बन्नु भनेको नारामा मात्र सीमित हुनु होइन । जनताको जीवन, देशको स्वाधीनता, श्रमजीवी वर्गको अधिकार, राष्ट्रिय उत्पादन, आत्मनिर्भर अर्थतन्त्र र सामाजिक न्यायका पक्षमा व्यवहारबाट उभिनु हो । त्यसैले अब आवश्यकता जनतालाई कम्युनिस्ट चिनाउने र नेताहरूलाई सच्चा कम्युनिस्ट बन्न प्रेरित गर्ने राजनीतिक संस्कारको हो ।


## शिक्षक आवश्यकता

*विद्यालयमा सूचना प्रकाशित मिति : २०८३/०६/०६ गते*

ऋषिङ गाउँपलिकाको कार्यालय तनहुँको च.नं. २८४ मिति २०८३/०६/०६ गतेको प्राप्त अनुमति पत्रानुसार यस विद्यालयमा माध्यमिक तह तृतीय श्रेणीको **अंग्रेजी** विषय शिक्षक (शिक्षण सहयोग अनुदान) करारमा नियुक्त गर्नुपर्ने भएकाले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूबाट तपसिलमा उल्लेखित कागजात सहित रितपूर्वकको दरखास्त आव्हान गरिन्छ । रित नपुगेको दरखास्त उपर कुनै कारवाही हुने छैन ।

तपसिल

१) **पद** : माध्यमिक तह तृतीय श्रेणी (करार)
२) **विषय** : अंग्रेजी ३) **आवश्यक संख्या** : १ (एक) जना
४) **शैक्षिक योग्यता**: सम्बन्धित विषयमा स्नातक वा सोसरह उत्तीर्ण
५) **दरखास्त शुल्क** : १५००/- (एक हजार पाँच सय रूपैयाँ)
६) **तलब** : शिक्षण सहयोग अनुदान कार्यक्रम अनुसार ।
७) **उमेर** : १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।
८) **आवश्यक कागजात** : नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, शिक्षण अनुमती पत्रको प्रतिलिपि, निरोगिताको प्रमाणपत्र ।
९) **परीक्षाको किसिम** : लिखित, मौखिक र आवश्यक भएमा प्रयोगात्मक
१०) **दरखास्त दिने अन्तिम मिति** : २०८३/०६/२० गतेसम्म
११) **सम्पर्क मिति** : २०८३/०६/२० गते विद्यालय समय भित्र ।
१२) **परीक्षा मिति** : सम्पर्क मितिमा तोकिने छ ।

प्रधानाध्यापक

**श्री अम्मर माध्यमिक विद्यालय**

ऋषिङ–१, कोइदिम, तनहुँ । सम्पर्क : ९८४६०९३३९३, ९८०६५९०७११



## मिर्लुङ पोलिक्लिनिक प्रा.लि.

**व्यास नगरपालिका-२, दमौली तनहुँ**

**फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२, ९७०३४५७५७८**

**असोज १० गते शनिबार**



**डा. जयन्ती ज्वारचन**
**वरिष्ठ छाला, यौन, कुष्ठ तथा सौन्दर्य रोग विशेषज्ञ**
(Manipal Teaching Hospital, Pokhara)

**सुन्दर छाला, स्वस्थ यौन जीवन र कुष्ठमुक्त समाजको लागि समयमै परीक्षण गरौं।**

१) गण्डकी मेडिकल कलेज पोखराका वरिष्ठ फिजिसियन, मधुमेह (सुगर) र थाइरोइड तथा हर्मोन रोग विशेषज्ञ प्रोफेसर **डा. तिर्थलाल उपाध्याय** आउनुहुने भएकाले सम्बन्धित रोगका विरामीले उपचार सेवा लिनुहोला।
२) पोखराका वरिष्ठ रेडियोलोजिष्ठ **डा. कृष्ण तिमिल्सेना**द्वारा भिडियो एक्स–रे सेवा उपलब्ध ।
३) गण्डकी अस्पतालमा कार्यरत सर्जन, स्तन, स्त्री तथा प्रसुती रोग विशेषज्ञ **डा. दिनेश शर्मा तिमिल्सेना**द्वारा स्वास्थ्य परीक्षण गरिन्छ। *गर्भवती महिलाको महिनावारी जाँच, तल्लो पेट दुख्ने, सेतो पानी बग्ने, पाठेघर तल झर्ने, सेतो पानीको जाँच (PAP SMEAR) गर्ने, स्तन दुख्ने र गाँठागुठी आउने, महिनावारी गडबढ हुने र महिनावरी हुँदा पेट दुख्ने आदी समस्या भएका विरामीहरूले उपचार सेवा लिनुहोला ।*

**हाम्रा उपलब्ध सेवाहरू :**

१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार तथा Whole body test पनि गरिन्छ ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्ग, स्टेचिङ्ग आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी निःशुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा ।


## बन्दीपुर गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
**बन्दीपुर, तनहुँ । गण्डकी प्रदेश**

## आ.व. २०८३/०८४ को आन्तरिक आयको ठेक्का सम्बन्धी शिलबन्दी दरभाउपत्रको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८३/०६/०६ गते**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४, बन्दीपुर गाउँपालिकाको आर्थिक ऐन, २०८३, प्राकृतिक स्रोत तथा वातावरण संरक्षण ऐन, २०७६, बन्दीपुर गाउँपालिकाको खरिद नियमावली, २०७६, सार्वजनिक खरिद नियमावली २०८३ (सोह्रौ संशोधन), बन्दीपुर गाउँपालिका राजश्व परामर्श समितिको मिति २०८३/०४/०७ को निर्णय, बन्दीपुर गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०८३/०५/२२ को निर्णय बमोजिम बन्दीपुर गाउँपालिकाको क्षेत्राधिकार भित्र पर्ने देहायका शिर्षकहरूमा आ.व. २०८३/०८४ को लागि ठेक्का बन्दोवस्त गर्नु पर्ने भएकाले ईच्छुक फर्म वा कम्पनीहरूले आ.व. २०८३/०८४ को फर्मको नवीकरण भएको प्रमाण–पत्रको प्रतिलिपी, मूल्य अभिबृद्धिकर दर्ता प्रमाण–पत्रको प्रतिलिपी, आ.व. २०८१/०८२ को कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपी सहित निवेदन संग्लन गरी उक्त कार्य गर्न योग्य भएको स्वघोषणा पेश गरी तपसिल वमोजिमको शर्तहरूको अधिनमा रहि सिलवन्दी दरभाउपत्र प्रक्रियामा सहभागि हुने सम्बन्धित सबैको जानकारीका लागि यो सुचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| आय ठेक्का नं. | विवरण | न्युनतम अंक रु (भ्याट र टिडिएस वाहेक) | दरभाउपत्र जमानत रकम (धरौटी रकम) | दरभाउपत्र फारम दस्तुर रु. (फिर्ता नहुने) | कैफियत |
|---|---|---|---|---|---|
| BRM/IR/05/ 2083/084 | गाउँपालिका क्षेत्र भित्र पटके व्यापारी शुल्क संकलन गर्ने कार्य | १,५०,०००/- | मु.अ.कर समेतको कबोल अंकको ५% | १,०००/- | |

१. दरभाउपत्र फारम मिति २०८३/०६/१३ गतेसम्म कार्यालय समय भित्र रू १०००/– (फिर्ता नहुने गरी) तोकिएको दस्तुर तिरी यस कार्यालयको राजश्व शाखाबाट खरिद गर्न सकिनेछ । यस कार्यालयबाट खरिद भएका दरभाउपत्र फारमहरू भरी सिलबन्दी गरी मिति २०८३/०६/१४ गते दिउँसो १२:०० बजे सम्म यस कार्यालयमा दर्ता गर्नु पर्नेछ । नियमानुसार दर्ता हुन आएका दरभाउपत्रहरू सोहि दिन दिनको १:०० बजे यस कार्यालयमा दरभाउपत्रदाताहरू समेतको रोहवरमा खोलिनेछ। दरभाउपत्रदाता वा प्रतिनिधी उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन । दरभाउपत्र खरिद, पेश वा खोल्ने दिन बिदा परेमा सो पछि लगत्तै कार्यालय खुलेको दिन सोही समयमा उल्लेखित कार्यहरू हुनेछ ।
२. यस कार्यालयवाट प्रमाणित भएको दरभाउपत्र फारम दरभाउपत्रदाता स्वंय वा रितपुर्वकको लिखित वारेस पठाई तोकिएको दस्तुर वुझाई खरिद गर्नुपर्नेछ ।
३. विस्तृत विवरण बन्दीपुर गाउँपालिकाको वेभसाईट www.bandipurmun.gov.np मा राखिएको छ ।

**प्रमुख प्रशासकीय अधिकृत**

"उद्यमशिलताको लागि हातेमालो" दर्ता नं. ०७/०७५/०७६

## तपाई हाम्रो बचत तथा ऋण सहकारी संस्था लिमिटेड
### Tapai Hamro Saving and Credit Co-operative Ltd.
Shuklagandaki Municipality-4, Dulegaunda, Tanahun, Phone No.: 065-414451
Email: tapaihamrosahakari@gmail.com

## ऋण रकम भुक्तानी गर्न आउने १५ (पन्ध्र) दिने सूचना

**दोश्रो पटक सूचना प्रकाशन मिति : २०८३/०६/०७ गते**

यस सहकारी संस्थाबाट तपशिलमा उल्लेखित ऋणीले लिएको ऋणको भाखा म्याद भित्र बुझाउनुपर्ने किस्ता (साँवा, ब्याज) नतिरी नबुझाई रकम बाँकी नै राखि उक्त ऋण लिँदा गरिएको ऋण सम्बन्धि शर्त सम्झौता उल्लंघन गर्नु भएकाले पटक पटक मौखिक एवं लिखित ताकेता गरी ऋणको बुझाउनु पर्ने रकम र साँवामा लागेको ब्याज तथा थप अन्य दै–दस्तुर समेत भुक्तानी गरिदिन हुन अनुरोध गर्दा समेत उक्त ऋणको बुझाउनुपर्ने रकम भुक्तानी गर्नतर्फ ऋणी तथा सुरक्षण धनी समेतले कुनै चासो नदेखाई आलटाल गरी ऋण रकम बाँकी नै रहेकोले यो सूचना प्रकाशित भएको मितिले **१५ (पन्ध्र)** दिनभित्र आफुले लिएको ऋण रकमको बुझाउनुपर्ने साँवा, ब्याज तथा अन्य थप दै–दस्तुर समेत बुझाउन तथा चुक्ता फर्छयौट गर्न आउनुहुन सम्बन्धित ऋणी तथा चल/अचल सम्पति धनी एवं ऋणको लागि धनजमानी दिने व्यक्तिलाई पनि यसै सूचनाद्वारा सूचित गरिन्छ । अन्यथा, नेपाल सरकारद्वारा प्रकाशित **सहकारी ऐन २०७४, सहकारी नियमावलि २०७५** साथै संस्थाको विनियम, संस्थाको ऋण नीति तथा प्रचलित कानुन बमोजिम लिलाम बिक्री वा अन्य व्यवस्था गरी ऋण असुल उपर गरिने छ । साथै लिलाम बिक्रीबाट ऋण असुल उपर नभएमा निज तथा जमानत दिने व्यक्तिको एकाघरको नाममा रहेको चल/अचल सम्पति समेत सम्बन्धित निकायबाट रोक्का राखी, कानुन बमोजिम कारबाही गरी ऋण रकम असुल उपर गरिलिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

**तपशिल**

| ऋणी सदस्यको विवरण : | व्यक्तिगत धन जमानतको विवरण |
|---|---|
| **नाम** : प्रकाश वि.क<br>**बुबाको नाम:** कृष्ण बहादुर वि.क (जग्गाधनी)<br>**बाजेको नाम:** विर बहादुर वि.क<br>**ना.प्र.पा** : ९४५६९<br>**जारी मिति र स्थान** : २०६३/०७/०९, तनहुँ<br>**स्थायी ठेगाना** : ढोरफिर्दी गा.वि.स-०३, तनहुँ<br>**हालको ठेगाना** : शुक्लागण्डकी न.पा-०८, तनहुँ<br> | **नाम** : बाल कृष्ण वि.क<br>**बुबाको नाम:** कृष्ण बहादुर वि.क<br>**बाजेको नाम** : विर बहादुर वि.क<br>**ना.प्र.पा** : ७३६८४<br>**जारी मिति र स्थान** : २०६१/०४/१८, तनहुँ<br>**स्थायी ठेगाना** : ढोरफिर्दी गा.वि.स-०३, तनहुँ<br>**हालको ठेगाना** : शुक्लागण्डकी न.पा-०८, तनहुँ<br> |

**धितोको विवरण :** मालपोल कार्यालय तनहुँ कृष्ण बहादुर वि.क.को नाममा दर्ता श्रेस्ता कायम रहेको तनहुँ जिल्ला ढोरफिर्दी गा.वि.स नक्सा सिट नं. ३/प कित्ता नं. २१, ८ को जम्मा क्षेत्रफल ४-९-३-२, १-०-०-० भएको पुरा जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

# २७ दिनसम्म बेपत्ता कृति कुमालको कुशको शव बनाएर अन्तिम संस्कार

भञ्ज्याङ समाचारदाता/दमौली

गत भदौ १० गते रसुवाको भोटेकोशीमा आएको बाढीमा परी २७ दिनदेखि बेपत्ता तनहुँकी नेपाली सेना जवान कृति कुमालको परिवारले कुशको शव बनाएर अन्तिम संस्कार गरेको छ । व्यास नगरपालिका–५ की कुमाल रसुवाको टिमुरेस्थित श्रीनाथ गणमा सिपाही पदमा कार्यरत थिइन्। बाढीपछि सम्पर्कविहीन भएकी उनको खोजीका लागि परिवारजन र सुरक्षाकर्मीले विभिन्न क्षेत्रमा निरन्तर प्रयास गरे पनि लामो समयसम्म कुनै अवस्था पत्ता लाग्न नसकेपछि परिवारले धार्मिक तथा सामाजिक परम्पराअनुसार मंगलबार अन्तिम संस्कार गरेको हो ।

कुमालको व्यास नगरपालिका–५ स्थित ८८ पाटन घाटमा कुशको शव बनाएर अन्त्येष्टि गरिएको छ। नेपाली सेनामा कार्यरत रहँदा उनको सेवाको सम्मानस्वरूप सेनाको टोलीले समेत घाटमा पुगेर श्रद्धाञ्जली अर्पण गरेको थियो । वि.सं. २०६२ असोज ३० गते जन्मिएकी कुमाल २०८१ सालमा नेपाली सेनामा भर्ती भएकी थिइन्। सैनिक सेवा सुरू गरेपछि



उनी रसुवाको टिमुरेमा रहेको श्रीनाथ गणमा कार्यरत थिइन् ।

भोटेकोशीमा बाढी आएपछि बेपत्ता भएकी कुमालको खोजीमा परिवार तथा सुरक्षाकर्मीले विभिन्न सम्भावित क्षेत्रमा खोजी अभियान सञ्चालन गरेका थिए । तर २७ दिन बितिसक्दा पनि उनको अवस्था र शवबारे कुनै जानकारी प्राप्त हुन सकेन ।

छोरीको शव फेला पर्ने आशा लामो समयसम्म राखे पनि कुनै जानकारी नआएपछि परिवारले अन्ततः कुशको शव बनाएर अन्तिम संस्कार गर्ने निर्णय गरेको मृतकका पिता अमर कुमालले बताए । "शव भेटिएला भन्ने आशामा २७ दिनसम्म पर्खियौँ । खोजी भइरह्यो, तर कुनै खबर आएन। अन्ततः परिवार, आफन्त र शुभेच्छुकको सल्लाहमा भारी मनले अन्तिम संस्कार गर्नुपर्‍यो", उनले भने ।

छोरीको वास्तविक शवसमेत नदेखी अन्तिम संस्कार गर्नुपर्दा परिवारमा पीडा थपिएको उनले बताए । लामो समयसम्म छोरीको अवस्थाबारे जानकारी पाउने प्रतीक्षामा बसेको परिवारका लागि कुशको शव बनाएर संस्कार गर्नुपर्ने अवस्था निकै भावुक र पीडादायी बनेको थियो ।

अन्तिम संस्कारअघि व्यास नगरपालिका–५ चापाघाटस्थित कालीभञ्जन गण (इ) बाट नेपाली सेनाको टोली पाटन घाट पुगेको थियो। सेनाको टोलीले कुमालप्रति शोक सम्मान तथा श्रद्धाञ्जली अर्पण गरेको थियो । त्यसपछि उनका हजुरबुबा गुरूबहादुर कुमालले कुशबाट तयार पारिएको शवमा दागबत्ती दिएका थिए । अन्तिम संस्कारमा परिवारका सदस्य, आफन्त, नेपाली सेनाका प्रतिनिधि तथा स्थानीयवासी सहभागी भएका थिए ।

facebook twitter



**Deepak Raj Joshi**
x.com/kapeed

समयसँगै सूचनाका साधनहरु फेरिँदै गए । ५० को दशकमा मानिसहरु कुस्ती र मनोरञ्जनका लागि भीड जम्मा पार्थे, १६५० मा चोकमा वक्ताका कुरा सुन्थे, १९२९ मा पत्रपत्रिका पढेर समय बिताउँथे, १९३८ मा रेडियोमा झुम्मिन्थे र १९९५ मा टेलिभिजनमा आँखा गाढेर बस्थे । आजको युगमा आइपुग्दा भने सबैको ध्यान मोबाइलको सानो स्क्रिनमा केन्द्रित भएको छ ।

वर्षहरु र प्रविधिहरु जति नै फेरिए पनि मानिसको प्रकृति भने उस्तै छ । कुनै बेला मानिसलाई चोकमा तानिन्थ्यो, पछि पत्रपत्रिका, रेडियो र टेलिभिजनले तान्यो भने आज डिजिटल स्क्रिनले खिचेको छ । माध्यम बदलिए पनि कथाको पछि लाग्ने मानव स्वभाव बदलिएको छैन । जसले कथा वा सूचनाको बागडोर सम्हाल्छ, उसले समाजले संसारलाई हेर्ने नजरलाई पनि सहजै प्रभावित गर्न सक्छ ।

फरक यति मात्र हो, जब अरूको निर्देशनमा चल्न थालेर हामीले आफ्नै तवरले सोच्न बन्द गर्छौं, तब स्वतन्त्रता कागजी कुरामा मात्र सीमित हुन्छ। त्यसैले, सबैथोक हेरौँ, सुनौँ, पढौँ र सिकौँ, तर आफ्नो विवेक र बौद्धिकता कहिल्यै अरूको अधीनमा नसुम्पियौँ।

शान्त चित्तले ज्ञान हासिल गर्दै गरौँ, निरन्तर प्रश्न गरौँ र आफ्नै मौलिक चेतनाको निर्माण गरौँ। किनकि, धेरै बोल्ने मानिसभन्दा आफैँ सोच्न सक्ने मानिस नै वास्तविक रूपमा सबैभन्दा शक्तिशाली हुन्छ।

त्यसले जीवन अरूको एल्गोरिदममा होइन, आफ्नै रिदममा चलाऊ । जीवनको लय अरूले तय गरिदिए भने हामी बाँचिरहेका हुँदैनौ,
केवल निर्देशित भइरहेका हुन्छौ ।

# छाब्दीमा श्रीराम ज्येष्ठ नागरिक समाज भेला

भञ्ज्याङ समाचारदाता/दमौली

तनहुँको छाब्दीस्थित श्रीराम मन्दिर परिसरमा आयोजित आम भेलामार्फत श्रीराम ज्येष्ठ नागरिक भेला गरिएको छ । कार्यक्रममा करिब २०० जना ज्येष्ठ नागरिक तथा स्थानीयवासीको उल्लेखनीय सहभागिता रहेको भेलाको व्यास नगरपालिकाका प्रमुख बैकुण्ठ न्यौपाने उद्घाटन गरेका छन् ।

ज्येष्ठ नागरिकहरुको हक, सम्मान, संरक्षण तथा सामाजिक जीवनमा सक्रिय सहभागिता सुनिश्चित गर्ने उद्देश्यले समाजको औपचारिक शुभारम्भ गरिएको बताइएको छ । कार्यक्रममा सहभागी वक्ताहरूले ज्येष्ठ नागरिकहरु समाजका अनुभवी र ज्ञानका धनी वर्ग भएको उल्लेख गर्दै उनीहरूको अनुभव, सीप र योगदानलाई नयाँ पुस्तासँग जोड्नुपर्नेमा जोड दिएका थिए । ज्येष्ठ नागरिकप्रति सम्मानजनक व्यवहार, सामाजिक सुरक्षा तथा उनीहरूको सक्रिय सहभागिताका लागि परिवार, समुदाय र स्थानीय तहबीच सहकार्य आवश्यक रहेको वक्ताहरूको भनाइ थियो ।

आम भेलामा स्थानीयवासी तथा ज्येष्ठ नागरिकहरूले समाज गठनले आफ्ना साझा समस्या, आवश्यकता र अधिकारका विषयमा सामूहिक रूपमा आवाज उठाउने वातावरण निर्माण हुने विश्वास व्यक्त गरेका थिए। नवनिर्मित श्रीराम ज्येष्ठ नागरिक समाजले आगामी दिनमा ज्येष्ठ नागरिकहरूको हित, सामाजिक एकता, आपसी सहयोग तथा सांस्कृतिक गतिविधिलाई प्राथमिकतामा राखेर विभिन्न कार्यक्रम सञ्चालन गर्ने जनाएको छ । समाजको गठनसँगै छाब्दी क्षेत्रका ज्येष्ठ नागरिकलाई एकताबद्ध गर्दै उनीहरूको अनुभव र योगदानलाई सामाजिक विकाससँग जोड्ने अपेक्षा गरिएको छ ।

# कांग्रेस तनहुँको स्पष्टीकरण

भञ्ज्याङ समाचारदाता/दमौली

नेपाली कांग्रेसको १५औँ महाधिवेशनअन्तर्गत तनहुँका वडा अधिवेशनमा मतदान अधिकृतका रूपमा खटिएका शिक्षकबाट सहयोग लिएको विषयलाई लिएर विभिन्न सञ्चारमाध्यममा प्रकाशित समाचारप्रति नेपाली कांग्रेस तनहुँले ध्यानाकर्षण जनाएको छ । नेपाली कांग्रेस तनहुँ जिल्ला कार्यसमितिले मंगलबार प्रेस विज्ञप्ति जारी गर्दै शिक्षकहरूले मतदान अधिकृतका रूपमा सहयोग गरेको विषयलाई 'शिक्षकहरूले राजनीति गरे' भन्ने भाष्यमा प्रचार गरिएको भन्दै आपत्ति जनाएको हो ।

कांग्रेस तनहुँका सभापति जितप्रकाश आलेद्वारा जारी विज्ञप्तिमा नेपालको संविधानले प्रत्येक नागरिकलाई आफू संलग्न पेशा, व्यवसाय वा सेवाका क्षेत्रमा आफ्नो सीप, दक्षता, ज्ञान र अनुभवको उपयोग गर्ने अधिकार सुनिश्चित गरेको उल्लेख गरिएको छ । शिक्षक, प्राध्यापक, कर्मचारी वा अन्य पेशागत क्षेत्रमा संलग्न हुँदैमा आफ्नो पेशागत ज्ञान, सीप र दक्षताको उपयोग गर्न नपाउने अर्थ नलाग्ने कांग्रेसको भनाइ छ । कांग्रेसले पार्टी विधान तथा प्रचलित कानुनी व्यवस्थाअनुसार विभिन्न तहका अधिवेशन निर्धारित प्रक्रियाबाट सम्पन्न गर्नुपर्ने भन्दै अधिवेशनलाई व्यवस्थित, निष्पक्ष र विश्वसनीय बनाउन आवश्यक प्राविधिक तथा व्यवस्थापकीय दक्षता भएका जनशक्तिको सहयोग लिनु स्वाभाविक र आवश्यक विषय भएको जनाएको छ ।

कुनै शिक्षक वा अन्य पेशागत व्यक्तिले आफ्नो पेशागत दक्षताका आधारमा अधिवेशनमा सहयोग गर्नु मात्रलाई राजनीतिक गतिविधिमा संलग्न भएको अर्थमा बुझ्न उपयुक्त नहुने विज्ञप्तिमा उल्लेख छ। सम्बन्धित कार्यालय वा संस्थाको नियमित काममा बाधा नपर्ने गरी तथा प्रचलित कानुन र सम्बन्धित सेवाका सर्तहरूको अधीनमा रहेर कर्मचारी, शिक्षक, प्राध्यापक वा अन्य पेशागत जनशक्तिबाट उनीहरूको सीप, दक्षता र अनुभवअनुसार सेवा लिनु कानुनसम्मत र स्वाभाविक प्रक्रिया भएको कांग्रेस तनहुँले स्पष्ट पारेको छ।

कांग्रेस तनहुँले सामान्य तथा पेशागत प्रकृतिको सहयोगलाई अतिरञ्जित गरी कुनै व्यक्ति वा पेशागत समुदायलाई 'राजनीति गरेको' भन्ने अर्थ लाग्ने गरी प्रचार-प्रसार नगर्न सञ्चारमाध्यमसहित सम्बन्धित सबैमा आग्रह गरेको छ । विषयको वास्तविकता र कानुनी पक्ष बुझेर मात्र समाचार सम्प्रेषण गर्न पनि कांग्रेसले अनुरोध गरेको छ ।


# बन्दीपुर गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
बन्दीपुर, तनहुँ । गण्डकी प्रदेश

## आ.व. २०८३/०८४ को आन्तरिक आयको ठेक्का सम्बन्धी बोलपत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८३/०६/०६ गते**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४, बन्दीपुर गाउँपालिकाको आर्थिक ऐन, २०८३, प्राकृतिक स्रोत तथा वातावरण संरक्षण ऐन, २०७६, बन्दीपुर गाउँपालिकाको खरिद नियमावली, २०७६, सार्वजनिक खरिद नियमावली २०८३ (सोह्रौ संशोधन), बन्दीपुर गाउँपालिका राजश्व परामर्श समितिको मिति २०८३/०४/०७ को निर्णय, बन्दीपुर गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०८३/०४/१२ को निर्णय बमोजिम बन्दीपुर गाउँपालिकाको क्षेत्राधिकार भित्र पर्ने मर्स्याङ्दी नदी र सेती नदीको तपशिलमा उल्लेखित नदी घाटहरूबाट नदीजन्य पदार्थ (ढुंगा, गिटी, बालुवा) उत्खनन् गर्नको लागि बढी बढाउमा ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकाले ईच्छुक फर्म वा कम्पनीहरूले आ.व. २०८३/०८४ को फर्मको नवीकरण भएको प्रमाण-पत्रको प्रतिलिपी, मूल्य अभिबृद्धिकर दर्ता प्रमाण-पत्रको प्रतिलिपी, आ.व. २०८१/०८२ को कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपी संग्लन गरी उक्त कार्य गर्न योग्य भएको स्व-घोषणा संग्लन गरी बोलपत्रको फारममा रहेका शर्तहरूको अधिनमा रही रितपूर्वक शिलबन्दी बोलपत्र (हार्डकपि) पेश गर्नको लागि सूचना आव्हान गरिएको सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

| आय ठेक्का नं. | उत्खनन् गरिने घाटको विवरण | उत्खनन् गर्न सकिने अधिकतम परिमाण (घ. मि.) | न्युनतम ठेक्का अंक रु.मा (कर बाहेक) | बोलपत्र जमानत रकम (धरौटी रकम) | बोलपत्र फारम दस्तुर | बोलपत्र खरिद गर्ने अन्तिम मिति, समय | बोलपत्र पेश गर्ने अन्तिम मिति, समय | बोलपत्र खोल्ने मिति, समय |
|---|---|---|---|---|---|---|---|---|
| BRM/IR/06/ 2083/084 | मर्स्याङ्दी नदि, याम्पा घाट | ४५५४ | १२,८६,७७८/- | मु.अ.कर. समेतको कबोल अंकको ५% | ३०००/- | २०८३/०६/ २७, दिनको १७:०० सम्म | २०८३/०६/२८, दिनको १२:०० सम्म | २०८३/०६/२८, दिनको १३:०० बजे |
| BRM/IR/07/ 2083/084 | सेती नदि, खहरे बगर घाट | १४१८ | ४,००,६७०/- | मु.अ.कर. समेतको कबोल अंकको ५% | ३०००/- | २०८३/०६/ २७, दिनको १७:०० सम्म | २०८३/०६/२८, दिनको १२:०० सम्म | २०८३/०६/२८, दिनको १३:०० बजे |
| BRM/IR/08/ 2083/084 | सेती नदि, ढाप घाट | ३९४९ | ११,१५,८२९/- | मु.अ.कर. समेतको कबोल अंकको ५% | ३०००/- | २०८३/०६/ २७, दिनको १७:०० सम्म | २०८३/०६/२८, दिनको १२:०० सम्म | २०८३/०६/२८, दिनको १३:०० बजे |
| BRM/IR/09/ 2083/084 | सेती नदि, झटिनी घाट | २४३० | ६,८६,६२०/- | मु.अ.कर. समेतको कबोल अंकको ५% | ३०००/- | २०८३/०६/ २७, दिनको १७:०० सम्म | २०८३/०६/२८, दिनको १२:०० सम्म | २०८३/०६/२८, दिनको १३:०० बजे |
| BRM/IR/10/ 2083/084 | सेती नदि, सिसौरी घाट | ४०५० | ११,४४,३६८/- | मु.अ.कर. समेतको कबोल अंकको ५% | ३०००/- | २०८३/०६/ २७, दिनको १७:०० सम्म | २०८३/०६/२८, दिनको १२:०० सम्म | २०८३/०६/२८, दिनको १३:०० बजे |
| BRM/IR/11/ 2083/084 | सेती नदि, सुनपोखरी घाट | १८२३ | ५,१५,१०६/- | मु.अ.कर. समेतको कबोल अंकको ५% | ३०००/- | २०८३/०६/ २७, दिनको १७:०० सम्म | २०८३/०६/२८, दिनको १२:०० सम्म | २०८३/०६/२८, दिनको १३:०० बजे |
| BRM/IR/12/ 2083/084 | सेती नदि, साराङ्गघाट | ३०२४ | ८,५४,४६१/- | मु.अ.कर. समेतको कबोल अंकको ५% | ३०००/- | २०८३/०६/ २७, दिनको १७:०० सम्म | २०८३/०६/२८, दिनको १२:०० सम्म | २०८३/०६/२८, दिनको १३:०० बजे |

१. यस सम्बन्धमा अन्य थप केही कुरा बुझ्नु परेमा कार्यालयको वेवसाईट www.bandipurmun.gov.np वा कार्यालय समय भित्र राजश्व प्रशासन शाखावाट विस्तृत जानकारी लिन सकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**


**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक** : नारायण खड्का ।
**कार्यालय** : ब्यास-२, दमौली, तनहुँ । **फोनः ०६५-५६३९०७**, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण** :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४